थाहानगरको विज्ञान प्रदर्शनीमा हिमालयन बोर्डिङ प्रथम । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक
कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१५, ● अंक-२३ ● २०७९ पुस ०४ गते सोमबार, ● 19 Dec. 2022, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## आग्रा स्पोर्ट्स क्लबलाई जिल्लास्तरीय भलिबल प्रतियोगिताको उपाधि



◆ विकास संवाददाता

जेसीआई बसामाडीको आयोजनामा हेटौंडामा भएको जिल्लास्तरीय रनिङ शिल्ड भलिबल प्रतियोगिताको उपाधि आग्रा स्पोर्ट्स क्लबले जितेको छ । जेसीआई बसामाडीको २० औं संस्करणको स्वर्गीय लक्ष्मीमाया बज्राचार्य स्मृति जिल्लास्तरीय रनिङ शिल्ड भलिबल प्रतियोगिताको उपाधि आग्रा स्पोर्ट्स क्लबले जितेको हो ।

२ पुसमा हेटौंडा-४, हुप्रचौरस्थित भलिबल कोर्टमा भएको फाइनल खेलमा आग्रा स्पोर्ट्स क्लबले विनयवावु स्मृति प्रतिष्ठानलाई ३-० को सोझो सेटले हराउँदै उपाधि हात पारेको हो । फाइनल खेलमा आग्रा स्पोर्ट्सले विनयवावु प्रतिष्ठानलाई २५-२०, २६-२४ र २६-२४ को सोझो सेटमा पराजित गरेको थियो । उपाधिसँगै आग्राले ६५ हजार रूपैयाँ नगद, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ ।

यस्तै उपविजेता विनयवावु स्मृति प्रतिष्ठानले ३० हजार रूपैयाँ प्राप्त गरेको छ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी आग्राका पुजन गुरूङ घोषित हुँदा उत्कृष्ट स्पाइकर आग्राकै रमेश थिङ र सञ्जय थिङ घोषित भए ।

## सि.ए. ढकाल पालुङ बहुउद्देश्यीय सहकारीको अध्यक्षमा निर्वाचित

◆ विकास संवाददाता

मकवानपुरको थाहानगरमा रहेको पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको अध्यक्षमा उमेश ढकाल निर्वाचित भएका छन् । संस्थाको २३ औं साधारणसभाबाट ढकाल सर्वसम्मत अध्यक्षमा निर्वाचित भएका हुन् । पुर्व लेखा समिती संयोजक समेत रहेका ढकाल थाहा नगरपालिका वडा नम्बर २ निवासी चार्टर एकाउन्टेन्ट हुन् । संस्थाको उपाध्यक्षमा अरूण रायमाझी निर्वाचित भएका छन् ।

अध्यक्ष पदमा उम्मेद्वारी दर्ता गरेका वर्तमान अध्यक्ष समेत रहेका पुरूषोत्तम कार्की र केदार कार्कीले उमेद्वारी फिर्ता लिएपछि ढकाल निर्विरोध भएका हुन् । उपाध्यक्षमा दुई जनाको उम्मेद्वारी परेकोमा राजाराम केसीले उम्मेद्वारी फिर्ता लिएको निर्वाचन कार्यालयले जानकारी दिएको छ । सहकारीको सचिवमा नवराज बिष्ट र शशीधर सुवेदीको उम्मेद्वारी परेको छ भने कोषाध्यक्षमा मधुसूदन रायमाझी, गुप्त बहादुर कार्की र सुमित्रा केसीको उम्मेद्वारी परेकोमा सुमित्रा केसीले उम्मेद्बारी फिर्ता लिएकी छन ।

पाँच जना सदस्यको लागि १६ जनाको उम्मेद्वारी परेको छ भने लेखा समितिमा ५ जनाको उम्मेद्वारी परेको छ । निर्वाचन कार्यालयले नाम फिर्ता लिने समय ३ पौष बिहान ११:३० सम्मको समय सिमा तोकेको छ ।

# पालुङ जेसीजको वर्ष २०२३ को अध्यक्षमा कार्की निर्वाचित

विकास संवाददाता
थाहानगर

मकवानपुर थाहानगरमा सामाजिक क्षेत्रमा क्रियाशील पालुङ जेसीजको अध्यक्षमा संगम कार्की निर्विरोध निर्वाचित भएका छन् । थाहानगरमा सम्पन्न २३ औँ वार्षिक साधारण सभाबाट पालुङ जेसीज वर्ष २०२३ का अध्यक्ष कार्कीलगायत पदाअधिकारीहरू सर्वसम्मत निर्वाचित भएका छन् । अध्यक्ष पदमा निरज रायमाझी र विक्रम गोपालीले पनि मनोनयनदर्ता गरेका थिए । उनीहरूले उमेद्वारी फिर्ता लिएपछि कार्की सर्वसम्मत भएका हुन् ।

पालुङ जेसीजको कार्यकारिणी उपाध्यक्षहरूमा अञ्जय प्रधान र दिपा बल सर्वसम्मत भएका छन् । त्यसैगरी उपाध्यक्षपदमा अजित कार्की, अजय कार्की, प्रकाश बहादुर चन्द र मनिष अधिकारी निर्विरोध निर्वाचित भएका हुन् । दुई कार्यकारिणी उपाध्यक्ष पदका लागि माधव कार्की, मान सिं दोङ, अञ्जय प्रधान र दिपा बलको उम्मेद्वारी परेको थियो भने चार उपाध्यक्ष पदका लागि नारायण तामाङ, अजय कार्की, प्रकाश बहादुर चन्द, अजित कार्की र मनिष अधिकारीको उम्मेद्वारी परेको थियो ।

पालुङ जेसीज जेसीजको वर्ष २०२२ का कानुनी सल्लाहकार रहेका कार्की अध्यक्षमा निर्वाचित भएका हुन् । कार्कीले तीन 'स' अर्थात् समानता, सहकार्य र सफलताको मूल सिद्धान्तसहित अघि बढ्ने



प्रतिवद्धता जनाएका छन् । अंग्रेजी र समाजशास्त्र विषयमा स्नातकोत्तरसम्मको अध्ययन पुरा गरेका कार्कीले बर्ष २०२३ मा उपलब्धिमुलक कार्यक्रम गर्दै सदस्यहरूको ब्याक्तित्व बिकास सहित गाउँ, समाज र राष्ट्रको विकासमा युवाको क्षमतालाई प्रदर्शन गर्न सक्ने बनाउन विविध कार्यक्रम संचालन गर्ने बताए । कार्कीले बर्ष २०२३मा विशेष २३ कार्यक्रम सहित उत्कृष्ट बर्ष बनाउने समेत बताए । उनले युवाहरूलाई सूचनाप्रविधिमा जोडेर थाहानगरको शिक्षा, स्वास्थ्य, सहकारी, पर्यटन, कृषि, राजनीतिक, व्याक्तित्व विकासको क्षेत्रमा कार्यक्रमहरू तयार गरिएको प्रतिक्रिया दिए ।

वर्ष २०१६ मा पालुङ जेसीजको सदस्यता लिएका कार्कीले २०१७ मा साधारण सदस्य, २०१८ मा ओमकर क्वीज कन्टेष्ट संयोजक, २०१९ मा उपाध्यक्ष, २०२० मा कोषाध्यक्ष, २०२१ मा महासचिव र २०२२मा कानुनी सल्लाहकारको भूमिकामा कार्यसम्पादन गरेका छन् । पालुङ जेसीज बर्ष २००५ का अध्यक्ष सानोभाई कार्कीको जेठो छोरा संगम कार्की आफ्नो बुबाको प्रेरणाले गर्दा यहाँसम्म आइपुगेको बताउँदै युवाहरूलाई समाज बिकासमा प्रेरित र्ने बताए ।

जमर्को नेपालको अध्यक्ष, एन्टिक नेपाल प्रा.लि. (हस्तकला सम्बन्धि तालिम र सिप प्रदान गर्ने संस्था) ब्यवस्थापकको जिम्मेवारी सम्हालीसकेका कार्की हाल जनकल्याण माविको शिक्षक, उच्च माध्यमिक शिक्षक संगठनको थाहानगर संयोजक, नेपाल शिक्षक महासंघ थाहानगर सदस्य, प्याब्सन थाहानगर सचिव, हिमालयन ईङ्लिस सेकेण्डरी बोर्डिङ स्कुलको संयोजक, न्यु भिजन एकेडेमी थाहा ३को संस्थापक, जनकल्याण मावि मानविकी संकाय संयोजक, नेपाल रेडक्रस सोसाइटीको आजिवन सदस्य, अखिल नेपाल शिक्षक संघ मकवानपुर जिल्ला सदस्य, जनशक्ति कृषक सहकारी संस्था लि. थाहा ३ को लेखा सुपरीवेक्षण समिति सदस्य लगायतको जिम्मेवारीमा छन् ।

सामाजिक क्षेत्रमा सक्रिय कार्कीले पालुङ जेसीजको ईतिहासमा वर्ष २०२३ लाई लोकप्रिय र उत्कृष्ट बनाउने प्रतिवद्धता जनाएका छन् । निर्वाचितहरूको कार्यकाल एकवर्षको मात्र हुनेछ ।

## सडक छेउको संरचना हटाउन वडाको सूचना

◆ विकास संवाददाता

काठमाडौँ जोड्ने कान्ति लोकपथ विस्तारका क्रममा हेटौँडाको चौघडा-मकवानपुरगढी सडकखण्डमा सडक सीमाभित्र बनाइएका संरचना हटाइने भएको छ । त्यस्ता संरचना हटाउन सकिएमा यो सडकको सुन्दरता बढ्नेछ ।

हेटौँडा उपमहानगरपालिका-६ र १७ को चुच्चेखोला सडकखण्डको सडक सीमाभित्र रहेका संरचना हटाएर सडक विस्तार गर्न लागिएको हो । हेटौँडा उपमहानगरपालिका-६ को कार्यालय र वडा नं. १७ को कार्यालयले छुट्टाछुट्टै सूचना जारी गर्दै सडकको दायाँबायाँ पर्ने सडक क्षेत्राधिकारभित्र बनाएका घर टहरालागयतका संरचना हटाई आफ्नो सामानको व्यवस्थापन गर्न भनेको छ । वडा नं. ६ को कार्यालयले कान्ति लोकपथको चुच्चेखोला सडकखण्डको सडक विस्तार गर्न सडक नापजाँच गरी गरिएको छ ।



# • सम्पादकीय •

## राजश्व बढाउने तर्फ ध्यान देऊ

नेपालको आर्थिक अवस्था व्यापक असन्तुलनतर्फ गएको र त्यसको जवाफदेही कोही नभएको दुःखद परिस्थितिहरू प्रकट हुँदै छ । पहिले यस्तो सङ्कट टार्न भनेर वस्तु आयातमा प्रतिबन्ध लगाइयो तर तस्करी भएर बाहिर जाने वस्तुको आयात भने रोकिएन । पछिल्लो समय विलासिताका सामान भनेर मोबाइल सेटजस्ता वस्तु आयातमा रोक लगाइयो । यही समयमा व्यापकरूपले राजस्व उठतीमा कमी आयो । हुदै जाँदा अवस्था कस्तो भयो भने देशले आफ्नो स्रोतबाट साधारण खर्चसमेत चलाउन नसक्ने अवस्थामा पुग्यो । यो सामान्य कुरा थिएन । तर सरकार भने मौन नै रह्यो । अर्थात् यो कुरा उसका लागि सम्बोधन गर्नुपर्ने विषय नै होइन । यता सरकार मौन रहिरहने र उता यस्तो सङ्कट झनै बढ्दै जाने क्रमको शिखरमा पुगेको देखिन्छ । कुनै पनि प्रकारले यो राम्रो सङ्केत होइन । सरकारी निकाय भन्सार विभागका अनुसार आर्थिक वर्ष २०७९/८० को पाँच महिनामा भन्सार राजस्व उठतीमा यस्तो गिरावट आयो जो यसअघिका कुनै वर्षमा पनि यस्तो भएको थिएन । यो समयमा राजस्व दुई खर्ब २१ अर्ब ४३ करोड रुपैयाँ असुल भयो । यो भनेको गतवर्षको यही पाँच महिनामा उठेको भन्दा करिब ३१ दशमलव ८५ प्रतिशत कम हो । यस्तो चित्र आउँदा पनि अर्थ मन्त्रालयले यसको वास्तविकता प्रस्ट्याउन खोजेको पाइएन । पहिले आयातमा प्रतिबन्ध लागेका कारण राजस्व उठतीमा मन्दी आएको भनिएको थियो । तर पछि अर्को पनि शंका गर्ने ठाउँ बन्यो । त्यो हो, राजस्वमा व्यापक चुहावट हुनु । त्यसो नहुँदो हो त यति हदसम्म उठतीमा कमी आउने थिएन होला ।

विभागका अनुसार गत आर्थिक वर्षको यही पाँच महिनामा तीन खर्ब २० अर्ब २५ करोड रुपैयाँ भन्सार राजस्व उठेको थियो । गत आर्थिक वर्षको पाँच महिनामा भन्दा चालू आर्थिक वर्षको पाँच महिनामा एक खर्ब नै कम (९८ अर्ब ८१ करोड ३२ लाख) रकम उठ्यो । चालू वर्षको यो समयमा दुई खर्ब ५७ अर्ब रुपैयाँ भन्सार राजस्व उठाउने लक्ष्य रहेकोमा त्यो प्राप्त भएन । यो अवस्था निरन्तर पाँच महिनासम्म कायम छ । यसले चुहावट बढेको र त्यसलाई ढाकछोप गर्न आयात प्रतिबन्धलई देखाइने गरेको आरोप लाग्न थालेको छ । पछिल्लो समय अर्थमन्त्रालय नै शंकाको घेरामा परेको अवस्था छ । बजेट ल्याइँदादेखि नै अनेक शंकाहरू उब्जिएका थिए । त्यसलाई सरकारले वास्ता गरेन । मन्त्रालयमा अनधिकृत व्यक्तिको प्रवेश र त्यसमार्फत करका दरमा व्यापक हेरफेर गरेको विषय आफैंमा सामान्य थिएन । तर यो कुरा पक्ष विपक्षको मेलमिलापबाट जसरी टलटुल गरियो त्यसको प्रभाव राजस्वमा पर्ने थियो नै र भयो पनि त्यस्तै । त्यसपछि राजस्व उठतीमा आएको मन्दीका बारे बारम्बार कुरा उठ्दा पनि अर्थ मन्त्रालय मौन बस्दा राजस्व छलीका घटनाहरूले प्रोत्साहन पाएका हुनुपर्छ । सरकारले यसबारे छानविन गरोस् र सत्यतथ्य बाहिर ल्याओस् । त्यसो भएन भने राज्यकोषमा जानुपर्ने रकमको स्रोत झन्झन् सुक्दै जानेछ ।

अहिले प्रश्न उठेको छ वस्तु आयात रोक्दा यति ठूलो नोक्सानी हुन्छ भने त्यसको मूल्यांकन पहिले किन भएन ? निर्णयकर्ताहरूले जवाफ दिन जरुरी छ। यसको असर संघीय सरकारका योजना र खर्चमा मात्र पर्दैन स्थानीय सरकारले संचालन गर्ने १ लाख दुई लाखका योजनाहरुमा समेत पर्दछ । यस बारे गम्भीर हुनु आवश्यक छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# वर्तमान अवस्थामा सञ्चार माध्यमको भूमिका



टेकराज पन्थी

पत्रकार भनेको एक अखबारको सम्पादक वा लेखक हो भने पत्रकारिता भनेको पत्रकारको काम, समाचार सिक्ने, समाचार भेला गर्ने सम्झनु पर्दछ । यसरी पत्रकारिता भन्नाले सत्य तथ्य घटनाहरूमा आधारित रही विभिन्न सञ्चार माध्यमबाट आम नागरिकलाई जानकारी गराउनु नै पत्रकारिता हो । आजको युग विज्ञानको युग हो । विश्वमा घटेका हरेक घट्नाको जानकारी र विवरण तुरून्तै विश्वको सबै कुनामा पुग्छ । सञ्चारको माध्यमबाट पत्रकारको जनाकारीले नै सबै सामु पुर्‍याउन सकिन्छ ।

पत्रकारिता राज्यको चौथो महत्त्वपूर्ण अङ्ग हो । यसलाई राज्यको चौथो अङ्गको रूपमा राखिएको छ । सञ्चार भन्ने शब्दमा आम अर्थात् अंग्रेजीको कम्युनिकेसनमा मास जोडिएर आमसञ्चार बनेको हो। 'आम'को अर्थ धेरै भन्ने हुन्छ । अङ्ग्रेजीको मास शब्दले पनि धेरै वा भीड भन्ने नै जनाउँछ । जहाँ असत्त्य मानिसहरू छन् भन्ने अर्थ दिन्छ। तसर्थ आमसञ्चारका साधनहरूले परापूर्वकालदेखि सुरू भएको भाषिक तथा मौखिक सञ्चार प्रक्रिया होस् वा आधुनिक पत्रपत्रिका, रेडियो, टेलिभिजन, इमेल, इन्टरनेट, फ्याक्स, सामाजिक सञ्जाल आदि जस्ता सबै सञ्चार साधनहरूलाई जनाउँछ।

अघिल्लो चरण पहिलेको आमसञ्चार अन्तर्गत पर्‍यो भने त्यसपछिका नयाँ प्रविधिहरू विकसित आमसञ्चारका माध्यम अन्तर्गत पर्दछन् । एक व्यक्तिभन्दा बढी असीमित जनसमुदायका लागि जब कुनै माध्यमको सहायताद्वारा कुनै पनि विषयवस्तुलाई सन्देशको रूपमा प्रसारण, प्रक्षेपण गरिन्छ तब यस्तो प्रक्रियालाई आमसञ्चार भनिन्छ । निचोडमा आम सञ्चार भन्नाले अत्यधिक जनसमुदायलाई सञ्चार गराउने प्रक्रिया नै हो । कुनै विचार, भावना, सन्देश वा सूचनालाई सामूहिक रूपमा एउटाबाट अर्कोसम्म पुर्‍याउने काममा आमसञ्चारको प्रयोग भएको हुन्छ । आमसञ्चारको उद्देश्य भनेको कुनै विचार वा सन्देशलाई ती व्यक्तिसम्म पुर्‍याउनु हुन्छ, जसलाई त्यस्तो सूचना आवश्यक हुन्छ र यसबाट सबै व्यक्तिले त्यस्तो जानकारी लिन सक्छन् ।

आमसञ्चार भन्नाले नेपालमा भएका सबै आमसञ्चार माध्यम भन्ने बुझिन्छ । नेपालमा हाल पत्रपत्रिका, रेडियो, टेलिभिजन, चलचित्र, पुस्तक, इन्टरनेट, अनलाइन लगायतका सबै किसिमका आमसञ्चार माध्यमहरू सञ्चालनमा र हेका छन् । सामान्य अर्थमा सञ्चार भन्नाले दुई वा दुईभन्दा बढी व्यक्तिहरूका बिच सूचना, विचार, अनुभव, भावना आदिको विनिमय हुने र एक अर्कामा आपसी समझदारी कायम गर्ने प्रक्रियालाई बुझिन्छ। यसर्थ एक–अर्का बीच सूचना, विचार धारणा जानकारी साटासाट गर्ने प्रक्रिया वा साझेदारी कायम गर्ने प्रक्रियालाई सञ्चारको अर्थमा बुझ्न सकिन्छ । सञ्चारको उद्देश्य कुनै भाव वा विचारको सम्प्रेषण गर्नु हो । तसर्थ सञ्चार मानव जीवनको लागि नभई नहुने कुरा हो । विकास र सुशासनका लागि त्राण अथवा अक्सिजन पनि हो । तसर्थ पत्रकारिताको इतिहास खोतल्ने क्रममा जब लिपिको विकास भयो । त्यसपछि मुद्रण युगको आरम्भ भयो ।

लेखन मुद्रणको साथसाथै पत्रकारिताको इतिहास अघि बढेको हो । परापूर्व कालदेखि आज पनि सार्वजनिक वा महत्त्वका सूचनाहरू सर्बसाधरणलाई जानकारी दिन कटुवाल घोकाउने प्रचलन पनि पत्रकारिताको पूर्वाभ्यास हो । आजको पत्रकारिता वैज्ञानिक युगको सामूहिक देन हो । कागजको उद्योग, छापाखाना र अन्य छपाई उपकरणका संगमबाट अहिलेको पत्रकारिता चलिरहेको छ । मुख्यतः छापाखानाको विकाससँगै पत्रकारिताको पनि विकास भएको मानिन्छ ।

विश्व पत्रकारिताको इतिहासमा नेपाललाई हेर्दा निकै नै पछि मात्र यसको विकास भएको देखिन्छ । नेपालमा छापाखानाको विकास पनि निकै ढिलो भएको हो । भारतमा भन्दा झन्डै तीन सय वर्ष पछाडि मात्र नेपालमा छापाखानाले प्रवेश गरेको देखिन्छ । भारतमा सन् १५५० मा प्रेसले प्रवेश पायो भने नेपालमा विसं १९०८(सन् १८५१)मा तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणा बेलायत भ्रमणबाट फर्कँदा फलामे हाते प्रेस ल्याए पछि मात्र विधिवत् रूपले प्रवेश पायो । यसैलाई गिद्धे प्रेस भनिन्छ । गिद्धको जस्तो पखेटा र सो अकिंत लोगो भएकोले गिद्धे प्रेस भनिँदै आएको हो । फेरी पनि छापाखाना नभएकै समयमा पनि हस्तलिखित कतिपय पुस्तक तयार पारिएको पाइन्छ ।

यसपछिको अर्को छापाखानाको नाम हो 'मनोरञ्जन छापाखाना' । गिद्धे प्रेस ल्याएको केही वर्षपछि यो प्रेस ल्याइएको थियो । यसरी सुरू भएको नेपाली मुद्रण कार्यमा नेपाली पत्रकारिताको प्रारम्भ भने मोतीराम भट्टद्वारा भएको मानिएको छ । साहित्यको माध्यमबाट नेपाली भाषाको सेवा गर्ने भट्टले वि.स.१९५० मा सुधा सागरको प्रकाशन गर्ने प्रयत्न भयो । यसैबिच उनको १९५२ मा निधन भए पनि पण्डित नरराजहरूले १९५५ मा सुधा सागर प्रकाशित गरे गरे । जुन नेपालबाट प्रकाशित पहिलो पत्रिका हो । यस अघि वि.सं. १९४२ मा 'गोर्खा भारत जीवन' नामको पत्रिका मोतीराम भट्टले नै बनारसबाट प्रकाशन गरेका थिए । यस लगत्तै नेपाली पत्रकारिता सुरूवात र यसको विकास क्रम भएको देखिन्छ । यसरी हेर्दा नेपाली पत्रकारिताको प्रारम्भिक स्थल बनारसलाई नै सम्झनु पर्दछ ।

नेपालमा जङ्गबहादुरले बेलायतबाट प्रेस ल्याएको झण्डै ५० वर्षपछि मात्र पत्रिकाको प्रकाशन भएको पाइन्छ। 'सुधा सागर' पछि नेपालबाटै नेपाली भाषामा प्रकाशित दोस्रो पत्रिका 'गोर्खा पत्र' हो । यो सन् १९०१ मा प्रकाशित भएको थियो । विक्रम सम्मत १९०८ मा जङ्गबहादुरले बेलायतबाट ल्याएको गिद्धे प्रेस नै नेपालमा पहिलो छापाखाना मानिन्छ। यो छापाखाना धेरै वर्ष पछि मात्र प्रयोगमा आएको थियो । यो छापाखाना स्थापना भएपछि नेपालको मुद्रण क्षेत्रमा क्रान्ति आएको मानिन्छ ।

नेपालको इतिहासमा रेडियोले आमसञ्चारको क्षेत्रमा ठुलो क्रान्ति ल्याएको पाइन्छ । विक्रम सम्मत २००७ को क्रान्तिका समयमा नारदमुनि थुलुङको नेतृत्वमा पूर्वी नेपालको पहाडबाट प्रजातन्त्र रेडियोको नाममा रेडियो प्रसारण भएको थियो । पछि विराटनगरमा पनि अर्को रेडियो सञ्चालन भएको थियो । तारिणीप्रसाद कोइरालाले नेतृत्व गरेको त्यो रेडियोले पनि राणा विरोधी क्रान्तिलाई मुख्य रूपमा प्रचार गरेको थियो । प्रजातन्त्रको स्थापना पश्चात् वि.सं. २००७ चैत्रमा त्यही उपकरण ल्याएर काठमाडौंबाट नेपाल रेडियोको स्थापना गरिएको थियो । जुन अहिले सरकारी सञ्चार माध्यम रेडियो नेपालको रूपमा सञ्चालित छ । सुरूमा सर्ट वेभमा प्रसारण सुरू गरेको रेडियो नेपालले अहिले मिडियम वेभ र एफ एमबाट प्रसारण गर्ने गर्दछ। त्यस बाहेक देशभर करिव ३०० वटा एफ एम रेडियो स्टेसनहरू सञ्चालनमा रहेका छन् ।

नेपालको टेलिभिजनको इतिहासमा वि.सं. २०४१ मा नेपाल टेलिभिजनको स्थापना भई पहिलो टेलिभिजनको रूपमा सञ्चालित छ । यो सँगै हाल करिव ११७ च्यानल रहेको पाईन्छ । यसै गरी नेपालमा धेरै अनलाइन पत्रकारिता पनि सञ्चालनमा रहेका छन्। प्रारम्भमा सीएनएन, बिबिसी तथा अन्तराष्टि सञ्चार माध्यमहरू धेरै अगाडि नै अनलाइन संस्करणमा गएता पनि नेपाल पनि यसमा त्यत्ति पछाडि भने देखिँदैन । १९९३ वाट अनलाइन पत्रकारिताको विकासले तीव्रता पाएको थियो। नेपालमा पनि सन १९९५ मै अनलाइन पत्रकारिताको प्रारम्भ भइसकेको थियो । नेपालमा अनलाइन पत्रकारिताको प्रारम्भ गर्ने पहिलो संस्थाको रूपमा मर्कन्टाइलको नाम इतिहासको पानामा दर्ता छ । उसले सन् १९९५ मा साउथ-एसिया डट कम मार्फत मर्कन्टाइलले कान्तिपुर पब्लीकेशन हाउसको अङ्ग्रेजी दैनिक दि काठमाडौं पोस्टलाई आफ्नो साइटमा राखेर अनलाइन पत्रकारिताको प्रारम्भ गरेको थियो। अहिले अनलाइनहरू करिव २४७३ भन्दा धेरै नै भइसकेका छन् ।

सेतोपाटी डटकम र पहिलोपोष्ट डटकमले अनलाइन पत्रकारितामा नयाँ धार सुरू गरेका हुन्। आफै रिपोर्टर राख्ने देखि बाइलाइन राखेर समाचार लेख्ने काम यी अनलाइनले सुरू गरेका हुन् । इकान्तिपुर, नागरिकन्यूज, अनलाईनखबर, रातोपाटी, प्रशासन डटकमलगायतका करिव २४७३ भन्दा धेरै अनलाइनहरू सञ्चालनमा रहेका छन् । बिटमा आधारित रहेर अनलाइन सञ्चालन गर्ने लहर समेत नेपालमा चलेको छ । पछिल्लो समय विशेष गरी आर्थिक बिटका राम्रा अनलाइन समेत सञ्चालनमा आएका छन् । नेपालको आर्थिक अनलाइन न्युज पोर्टलमा बिजशाला डटकमले नयाँ धारको सुरूवात गरेको मानिन्छ । यस्तै, महिलाहरूको मात्र समाचार प्रकाशन गर्ने फरक उद्देश्य राखेर नेपालबाटै पछिल्लो समय नेप्लिज

*बाँकी पृष्ठ ३ मा*

### वर्तमान अवस्थामा सञ्चार . .

वुमन डटकम नामको अनलाइन पोर्टल समेत प्रकाशन भएको छ । त्यसैगरी जलश्रोतलाई प्राथमिकतामा राख्दै, खानेपानी, सिँचाई र जलविद्युतको क्षेत्रलाई आफ्नो मुख्य विषय बनाउँदै जल सरोकार डटकमले विकास पत्रकारिताको फरक सुरुवात गरेको पाइन्छ ।

यसैगरी नेपालमा हाल नेपाली ब्लग साइटहरू पनि धेरै खोलिएको पाइन्छ । नेपालमा ब्लग साइटहरूमा समाचारको निकै बाहुल्य रहेको छ । कतिपय ब्लग साइटहरू त समाचार साइटले जस्तै समाचार मात्र पस्किन्छन् । त्यसैले ब्लगहरू पनि नेपालमा समाचारका माध्यम बन्न थालेका छन् । यद्यपि ब्लग समाचार साइट होइन । ब्लग व्यक्तिले आफ्नो दैनिकी लेखेर वेबमा प्रकाशित गर्ने पद्धति हो । ब्लगलाई सरल भाषामा भन्दा वेब-लग शब्दबाट ब्लग बनेको हो । विभिन्न सञ्चारकर्मी, भाषाकर्मी आदिले ब्लग सञ्चालन गरेका छन् । जस्तै डब्लूडब्लुडब्लु डट त्रिपाठी डट कम डट एनपी पनि ब्लक साइट हो ।

मिडियालाई समाजको ऐना भनिन्छ । समाजको चरित्र र स्वरूप जस्तो छ त्यस्तै प्रतिरूप मिडियामा प्रतिबिम्बित हुन्छ । तर मिडिया समाजको ऐना मात्रै होइन समानता, सुशासन र न्यायका लागि सकारात्मक गोरेटो पहिल्याउने समाजको पथ प्रदर्शक पनि हो । मिडियाले यथार्थको प्रतिनिधित्व मात्र गर्दैन भविष्यमा देख्न चाहेको संसार र समाजको पुनः निर्माण पनि गर्छ । मिडियाको मुख्य उद्देश्य भनेको समाजमा घटित घटना, समस्या, सम्भावनाको खोजी गर्दै समाचारको माध्यमबाट सूचना प्रवाह गर्नु नै हो । मिडिया वा सञ्चार माध्यमले सूचना प्रवाहसँगै शिक्षा र मनोरञ्जन पनि प्रदान गर्दछ ।

मिडियाले निरन्तर रूपमा प्रदान गर्ने सूचना, शिक्षा र मनोरञ्जनले प्रस्तुत विषयका सन्दर्भमा आम नागरिकको विचार निर्माण हुन्छ । कतिपय सन्दर्भमा सकारात्मक र कतिपय अवस्थामा मिडियाकै प्रस्तुत विषयका आधारमा नकारात्मक जनमत पनि बनिरहेको हुन्छ । यो मिडियाले प्रस्तुत गर्ने विषयवस्तुमा भर पर्ने विषय हो । मिडियाबाट प्रवाहित विषयवस्तुले आम नागरिक र सामाजिक जीवन वा मानव जीवनमा प्रत्यक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ ।

मिडिया अर्थात् सञ्चार माध्यम र समाज एकअर्कासंग अन्तर सम्बन्धित भए पनि यिनीहरूको बिचमा तात्त्विक भिन्नता भने पाइन्छ । समाजविना सञ्चार र सञ्चारबिना सार्थक समाजको परिकल्पना २१ औँ शताब्दीमा असम्भव जस्तै हो । परम्परागत मान्यताका आधारमा सञ्चार भनेको विचारको आदानप्रदान हो । विचार र सूचना फरक विषय हो । विचार कुनै अमुक व्यक्तिको धारणा हो भने सूचना सबैका लागि हो । जसको सदुपयोग आवश्यकतामा निर्भर रहन्छ ।

सूचनाको प्रवाह हुने माध्यम भनेको मिडिया मार्फत हो । प्रविधिको तीव्र विकास भइरहेको पछिल्लो समयमा छापा माध्यम वा इलेकट्रोनिक माध्यमबाट सन्देशको प्रवाह गरिन्छ । यसलाई आमसञ्चारको माध्यम पनि भन्ने गरिन्छ । वरिष्ठ सञ्चार बिद डेनिस मक्वाइलका अनुसार, 'आम सञ्चारका माध्यम भन्ने शब्दावलीले छोटो समयमा लामो दूरीसम्म तथा धेरै प्रापकहरूसँग सञ्चार गर्न सकिने सङ्गठित साधनहरूलाई बुझाउँदछ' भनेका छन् । मिडिया विभिन्न प्रकारका रहेका छन् ।

छापा माध्यम, विद्युतीय माध्यम, रेडियो, टेलिभिजन, अनलाइन, मिडियाका प्रकार फरक भए पनि प्रत्येकको उद्देश्यमा एकरूपमा पाइन्छ । सञ्चार माध्यम वा मिडियाको कार्य भनेको समाजलाई सही, तथ्यपरक र विश्वसनीय सूचना प्रवाह गर्दै ज्ञान दिनु वा चेतनाको विकास गर्नु हो । मिडिया लोकतान्त्रिक समाजको पहरेदारको रूपमा रहेको हुन्छ । राज्यका तीन महत्त्वपूर्ण निकाय न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकालाई बर्दी बिनाको प्रहरीको रूपमा मिडियाले नियालिरहेको मात्र हुँदैन गलत पात्र र प्रवृत्ति विरूद्ध खबरदारी पनि गरिरहेको हुन्छ । मिडियाले समाजका समस्या उद्घाटित मात्रै होइन न्यायका लागि मार्ग प्रशस्त समेत गर्दछ । रेखाचित्रबाट हेर्दा मिडिया र समाज बिचको सम्बन्धलाई धेरै कोणबाट हेर्न सकिन्छ ।

समाज भनेको निश्चित क्षेत्रभित्र निश्चित मूल्य मान्यतासहित बनेको मानव सम्बन्धको जालो हो । मानिस सामाजिक र चेतनशील प्राणी भएकाले सधैँ नयाँ कुरा जान्न र सुन्न उत्सुक हुन्छ । मानिसको यही उत्सुकता, कौतुहलता मेटाउने काम मिडियाले गर्ने गर्दछ ।

एक्युरेसी अर्थात् वास्तविक सत्य, ब्यालेन्स अर्थात् सन्तुलन र क्रेडिटिबिलिटी अर्थात् विश्वसनीयता सञ्चार माध्यम वा मिडियाका मूल मन्त्र र मान्यताहरू हुन् । सञ्चार माध्यमले आफूले सम्प्रेषण गरेका समाचारलाई यिनै तीन वटा आधारमा विश्लेषण गर्न सक्नुपर्दछ । यी तीन तत्त्व भएको समाचार नै वास्तविक समाचार हो । जो पूर्वाग्रही वा अनुमानमा आधारित हुँदैन । कुनै पनि सूचना वा समाचारमा यी तथ्य बङ्ग्याइएको छ वा समावेश गरिएको छैन भने त्यो समाचार नभएर विचार हुन जान्छ । जुन सूचनाको विश्वसनीयतामा शंका गर्ने प्रशस्त आधार हुन्छ । समाजमा नयाँ र ताजा घटनाहरू पस्कनुका साथै समाजमा घटिरहेका कुरीति, हिंसा, अपराधका विरूद्ध आवाज उठाउने काम पनि मिडियाले गरिरहेको हुन्छ । राज्य र जनता बिचको पुल (सम्बन्ध)मिडियाले निभाइरहेको हुन्छ ।

सञ्चार वा मिडियाकै माध्यमबाट धेरै विषयमा समाजका हित र न्यायका विषयमा काम गरिरहेको पाईन्छ । तथापि कहिले व्यक्तिगत स्वार्थ त कहिले राजनैतिक प्रभावबाट सञ्चार क्षेत्र प्रभावित भएको पनि पाइन्छ ।

*(लेखकः बुटवल उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हुन् ।)*

# नसा च्यापिएपछि थेरापीले निको हुन्छ ?

नसा च्यापिने समस्याबाट पीडित हुनेको संख्या पछिल्लो समय बढेको छ । अस्वस्थकर जीवनशैली, मोटोपन, मोबाइलमा अत्यधिक समय बिताउने र व्यायाम नगर्ने व्यक्तिमा यस्तो समस्या देखिने गरेको छ । युवादेखि वृद्ध उमेरका व्यक्तिसम्मलाई देखिने नसा च्यापिने रोग बेलैमा पहिचान गरे यसबाट मुक्ति पाउन सकिने चिकित्सकहरू बताउँछन् ।

### के हो नसा च्यापिने रोग ?

न्युरोलोजिस्ट डा. सुरेश सापकोटा भन्छन्, 'मेरूदण्डको दुईवटा हड्डीको बीचमा चकटी जस्तो नरम मासु बसेको हुन्छ । सो मासु फुत्कियो भने नसा च्यापिने समस्या हुन्छ । कसैमा भने मरूदण्डको जोर्नी सुन्निएर, फुलेर वा खिइँदै गएर जोर्नीहरूले थिच्दा नसा च्यापिने हुन्छ ।'

शारीरिक व्यायाम नगर्ने, मोटोपन भएका, विलासी जीवन बिताउने, अल्छीपन भएका, अत्यधिक धुम्रपान गर्ने, भारी वजन बोक्ने, धेरै समयसम्म झुकेर गर्नुपर्ने व्यक्तिलाई नसा च्यापिने रोगको जोखिम हुन्छ । घरमै दिनभर मोबाइल चलाएर बस्नेका साथै खेलाडीहरूमा समेत यस्तो समस्या देखिएको डा. सापकोटा बताउँछन् ।

### शरीरको कुन-कुन ठाउँमा गर्छ असर ?

डा. सापकोटाका अनुसार मेरूदण्डमा नसा च्यापिएपछि त्यसले हात वा खुट्टाको मांसपेशी चलाउने नसाहरूमा असर गरेको हुन्छ । हातले केही सामान समात्न कठिन हुने, पहिला जस्तो कलमले लेख्न नसक्ने, टाइप गर्ने काम गर्दा पहिलाको जस्तो हल्का नहुने, तरकारी काट्नेदेखि सियो धागो उन्न समेत नसक्ने, हातले केही सामान उचाल्न खोज्दा नसक्ने, हात झम्झमाउने जस्ता लक्षण देखिने डा. सापकोटा बताउँछन् । यस्तै खुट्टाबाट चप्पल फुत्किएको थाहा नहुने, तातो वस्तुले पोलेर छाला निस्किंदा समेत थाहा नपाउने, खुट्टा भारी हुने, झम्झमाउने, निदाइरहने हुन्छ । नसा च्यापिएका केही व्यक्तिमा भने दिसा पिसाबमा समस्या आउने डा. सापकोटा बताउँछन् ।

'दिसा पिसाब भएको चाल नपाउने, स्पर्श भएको थाहा नहुने, लिंगको उत्तेजना कम हुने जस्ता समस्या देखिन्छ,' उनी भन्छन्, 'त्यसबाहेक ढाड र कम्मर बढी दुख्ने समस्या भएकामा पनि नसा च्यापिने समस्या हुन सक्छ ।' खुट्टा र हातमा कमजोरी हुने, दिसा पिसाब आएको थाहा नहुने र लिंगमा उत्तेजना कम हुने जस्ता समस्या देखिए यसलाई जटिल मान्नुपर्ने डा. सापकोटा बताउँछन् ।

### उपचार के छ ?

सामान्यतया नसा च्यापिने रोगको समस्या भएकामध्ये ८० प्रतिशतको एक महिनाको अवधिमा आफैं ठीक हुने डा. सापकोटा बताउँछन् । 'तर केहीलाई भने ढाड र कम्मर वा कसैलाई गर्दन, हातखुट्टा दुखिरहेको छ भने आराम गर्ने, तातो पानीले सेक्ने गर्दा पनि ठीक हुन्छ,' उनी सुझाउँछन् ।

कहिलेकाहीं सिटामोल र ब्रूफिनको सेवनले पनि यस्तो समस्या ठीक हुने उनी बताउँछन् । तर यसका लागि चिकित्सकको सल्लाह भने लिन जरूरी छ । 'औषधिले छोएन, लगातार दुखाइ बढिरहेको छ, गर्दनको दुखाइ हात र खुट्टासम्म पुग्ने, करेन्ट लागेको जस्तो हुने जस्ता लक्षण देखिएमा स्वास्थ्य परीक्षण गराउनुपर्छ,' डा. सापकोटा बताउँछन् । सुरुमा छामेर हेर्दा दुखाइ भएको ठाउँमा अठ्याएर हेर्दा दुखेको छ वा छैन भनेर हेरिने, नसा च्यापिएको छ वा छैन भनेर हेरिने र एक्सरे, एमआर आई गरेर पनि हेरिने उनी बताउँछन् ।

### शल्यक्रिया गर्नु पर्दैन

नसा च्यापिने समस्या भएका व्यक्तिमा लगातारको दुखाइ, दिसा पिसाबको समस्या छ र औषधि खाँदा पनि निको भएको छैन भने भिडियो एक्सरे गरेर हेरिसकेपछि नसामा नै गएर सुई लगाएर पनि ठीक पार्न सकिन्छ ।

सुई लगाउँदा पनि ठीक नभएमा मात्रै सानो शल्यक्रिया गरिने डा. सापकोटा बताउँछन् । 'औषधि सेवन र फिजियोथेरापी गराएर पनि निको हुन सक्छ । अत्यधिक मोटोपन, मुटुको समस्या भएकालाई शल्यक्रिया गर्दा जोखिम हुनसक्छ,' उनी भन्छन्, 'उनीहरूलाई प्रायः नसामा सुई लगाएर निको पारिन्छ ।'

### फिजियोथेरापीबाट उपचार

नेपाल मेडिसिटी अस्पतालको फिजियोथेरापिस्ट प्रमुख डा. मञ्जु ज्ञवाली फिजियोथेरापीबाट पनि नसा च्यापिने रोग निको पार्न सम्भव रहेको बताउँछिन् । 'नसा च्यापिएको भन्दैमा आत्तिनु पर्दैन । नसा च्यापिएका धेरै बिरामीको नियमित थेरापीबाट पनि निको हुन सक्छ । तर कहिले गर्ने र कहिले नगर्ने गर्दा भने झनै जटिलतातर्फ जान सक्छ,' उनी भन्छिन् ।

अधिकांशको फिजियोथेरापीबाट निको हुन्छ भने हातखुट्टा लुलो हुने, दिसा पिसाब थाहा नहुने, असह्य पीडा हुने बिरामीको भने शल्यक्रिया गर्नु नै उपयुक्त हुने ज्ञवाली बताउँछिन् । 'कहिलेकाहीं भने आकस्मिक दुखाइ छ भने ढिला नगरी शल्यक्रिया गर्नुपर्ने हुन्छ । फिजिरोथेरापी र औषधि खाँदा पनि दुखाइ कम भएन र दैनिक काममा नै असर परेको छ भने पनि शल्यक्रिया नै गर्नुपर्छ,' उनी भिन्छन् ।

### फिजियोथेरापीले के गर्छ ?

डा. ज्ञवाली भन्छिन्, 'नसा च्यापिएका बिरामीको मेडिकल हिस्ट्री हेरेर पहिला कुन भागमा बढी असर गरेको छ, त्यो अनुसार विधि सुरू हुन्छ । इलेक्टोथेरापी, शारीरिक व्यायाम, म्यानुअल थेरापीबाट उपचार प्रक्रिया अघि बढाइन्छ ।'






# लवग्रिनको सहयोगः थाहानगरका १२ वटै स्वास्थ्य संस्थालाई 'डष्टबिन'



◆ विकास संवाददाता

थाहानगरमा वातावरण तथा सरसफाइ र पर्यटन प्रवर्द्धनमा समेत कार्य गर्दै आएको लवग्रिन नेपालले थाहा नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरूबाट निस्कने फोहोर व्यवस्थापन गर्नका लागि 'डष्टबिन' सहयोग प्रदान गरेको छ । स्वास्थ्य संस्थाबाट निस्कने सामान्य, हानिकारक तथा अतिहानिकारक फोहोर छुट्टाछुट्टै राख्नको लागि 'डष्टबिन' प्रदान गरेको हो ।

'डष्टबिन' लवग्रिन नेपालका दिपचन्द्र बुढाले हस्तान्तरण गरेका हुन् । हस्तान्तरित 'डष्टबिन' थाहानगर प्रमुख विष्णु बहादुर विष्ट र स्वास्थ्य शाखाका प्रमुख मेघराज बलामीले बुझेका थिए । नगरपालिकाको कार्यालयमा एक थान तथा नगरभित्र रहेका १२ वटा स्वास्थ्य संस्थाहरूमा एक/एक थान राख्नको लागि ३९ थान 'डष्टबिन' लवग्रिन नेपालले सहयोग गरेको हो ।

लवग्रिन नेपालले नेपालले थाहा नगरपालिका वडा नम्बर १, ३ र ६ को एकसय किसान परिवारको खेतबारीको माटो जाँच लागि नमुना संकलन सम्बन्धी कार्य गरेको छ भने हालैसालै थाहा नगरपालिका वडा नम्बर १ को कुन्छाल गाउँमा रैथाने कृषि तथा साँस्कृतिक मेलामा पनि उक्त संस्थाले सहयोग गरेको थियो ।

# कैलाशका अध्यक्ष मुक्तान महासंघको सदस्यमा निर्वाचित

◆ विकास संवाददाता

मकवानपुरको कैलाश गाउँपालिकाका अध्यक्ष लोक बहादुर मुक्तान गाउँपालिका राष्ट्रिय महासंघको सदस्यमा निर्विरोध निर्वाचित भएका छन् । काठमाण्डौमा भएको तेस्रो राष्ट्रिय अधिवेशनबाट सदस्यमा निर्वाचित भएका हुन् ।

गाउँपालिका राष्ट्रिय महासंघको अध्यक्षमा भने हुप्सीकोट गाउँपालिका नवलपुरकी अध्यक्ष लक्ष्मी देवी पाण्डे सर्वसम्मत निर्वाचित भएकी छन् । अधिवेशनले पाँच पदाअधिकारीसहित ३६ जना निर्विरोध भएका हुन् ।

## हेटौंडामा अल्ट्रासाउण्ड

रोटरी क्लब अफ मकवानपुरले हेटौंडा अस्पताललाई अल्ट्रासाउण्ड मेसिन सहयोग गरेको छ । क्लबले अस्पताललाई करिब १८ लाख रूपैयाँ पर्ने मेसिन सहयोगस्वरूप हस्तान्तरण गरेको हो ।

हेटौंडा उपमहानगरपालिकाकी मेयर मीनाकुमारी लामाले हेटौंडा अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. रामचन्द्र सापकोटालाई मेसिन हस्तान्तरण गरेकी हुन् । मेसिन हस्तान्तरण कार्यक्रममा रोटरी क्लब अध्यक्ष कृष्णबहादुर कार्कीले आगामी दिनमा पनि अस्पतालका लागि आवश्यक सहयोग जारी राख्ने प्रतिवद्धता जनाए ।

# 'अदालत-नागरिकबीचको अन्तरसंवाद प्रभावकारी'-नगर प्रमुख विष्ट

◆ विकास संवाददाता

अदालतप्रतिको जनगुनासो न्युनीकरण र समुदायमा न्यायिक प्रक्रिया बुझाउन थाहानगरमा आयोजित अन्तरसंवाद कार्यक्रम प्रभावकारी भएको थाहानगर प्रमुख विष्णु बहादुर विष्टले बताएका छन् । अदालत-नागरिक प्रत्येक्ष संवादका लागि अवसर प्रदान गरेर नागरिकको अदालतसम्म पहुँच विस्तारमा योगदान पुगेको प्रमुख विष्टको भनाइ थियो ।

न्याय सम्पादन प्रक्रियाका बारेमा जनतालाई प्रष्टसँग बुझाउनु अदालतको कर्तव्य भएको समेत विष्टको भनाइ थियो । अदालतसँग समुदायले गरिरहेको अपेक्षा बुझ्दै भ्रमहरूलाई चिरेर जनविश्वास बढाउने प्रयासहरू भएकोमा धन्यबाद दिदै प्रमुख बिष्टले छिटोछरितो र प्रभावकारी न्याय सम्पादनका साथ अदालतप्रति जनविश्वास बढाउन आग्रह गरेका छन । उच्च अदालत पाटन हेटौंडा इजलास तथा मकवानपुर जिल्ला अदालतले न्यायमा सबैको पहुँचु पुऱ्याउने उद्देश्यले थाहा नगरपालिकाको विकास घरमा १ पौषमा आयोजना गरिएको न्यायिक अन्तरसंवाद कार्यक्रममा विष्टले यस्तो बताएका हुन् । अन्तरसंवाद कार्यक्रममा थाहा नगर पालिकाका उपप्रमुख एवं न्यायिक समितिकी संयोजक भरत गोपालीले गाउँमा न्यायाधीशसँगै बसेर न्यायपालिकाका विषयमा लागेका कुरा प्रष्टसँग राख्न र समस्या उठान गर्न पाउँदा खुशी लागेको बताए । 'नगरमै न्यायाधीशलाई भेटेर समस्या र गुनासा राख्न पाइयो'-उनले भने-'यसले अन्याय सहेर बसेकालाई न्यायका लागि लड्न, सबैलाई अदालनका बारेमा बुझ्न र न्यायिक प्रक्रियाका बारेमा थाहा पाउन सहज भयो ।'

न्यायीक बाह्य पहुँच अभियान अन्तर्गत थाहानगरमा कार्यक्रम भएको हो । समुदाय लक्षित अभियानले प्रभावकारी न्याय सम्पादनका लागि सहयोग गरेको कार्यक्रममा बताइएको थियो । अदालतप्रतिको आमबुझाइको जानकारी लिँदै सर्वसाधारणको धारणा सुनेर न्यायमा सबैको पहुँच वृद्धि गराउन कार्यक्रमले मद्दत मिल्ने जनाइएको छ । 'समुदायमा अदालत' अभियानको नेतृत्व गर्दै उच्च अदालत पाटन हेटौंडा इजलासका मुख्य न्यायाधीश अब्दुल अजिज मुसलमानले प्रत्येक पालिकामा गएर न्यायिक प्रक्रियाका बारेमा विचौलियाले न्याय र अदालत महँगो हुन्छ भन्ने भ्रम आम सर्वसाधारणमा पारेकोले त्यस्ता भ्रम चिर्न यस्ता कार्यक्रमले सहयोग गर्ने बताए । विश्वभरका र नेपालका अदातलको न्याय सम्पादन प्रक्रियाका बारेमा नागरिकलाई जानकारी गराउँदै न्यायालयप्रति थप जनविश्वास बढाउने अभियान स्वरूप कार्यक्रमको आयोजना गरिएको मुख्य न्यायाधीश अब्दुलले बताए । उनले गलत धारणाको विकास गराएर अदालतप्रति वितृष्णा पैदा हुने गरी फैलाइएको हल्ला, भ्रम एवं बुझाइलाई गाउँगाउँमा पुगेर चिर्नुपर्ने अवस्था आएको प्रतिक्रिया दिए । न्यायिक सुशासनमा प्रतिवद्ध रहेर सेवाग्राहीलाई प्राथमिकतामा राख्दै उच्च अदालतको न्यायिक प्रक्रियाका बारेमा प्रष्टसँग बुझाएर आमनागरिकमा न्यायको पहुँच स्थापित गराउने कार्यक्रमको मुख्य उदेश्य मकवानपुर जिल्ला अदालतका श्रेस्तेदार तिर्थराज भट्टराईले बताए । उनका अनुसार-'अदालतले प्रवाह गर्ने सेवा र न्याय सम्पादनमा हुने प्रक्रियागत ढिलाइका बारेमा भ्रम छरेर विचौलियाले अदालतलाई असहज बनाइदिने गरेको पाइयो ।' न्याय सम्पादनलाई प्रभावकारी बनाएर जनताको आड र भरोसाको केन्द्रविन्दु बन्नुपर्ने न्यायालय बदनामी बेहोरेर बस्नुपर्ने परि स्थितिको सिर्जना भएको भट्टराईको भनाइ थियो ।

सहज रूपमा न्याय पाउन सकिन्छ भन्ने कुरालाई स्थापित गराउनु र सबैले कुरा बुझाउनु अभियानको मुख्य उद्देश्य रहेको उच्च अदालत पाटन हेटौंडा इजलासका न्यायाधीश राजेश्वर तिवारीले बताए । उनले भने, 'अदालत सुधारको रणनीतिक योजना अनुसार गाउँगाउँमा पुग्दै सर्वसाधारणको धारणा बुझेर कमीकमजोरी सुधार गर्दै अदालती कामकारबाहीलाई सुधारको बाटोतर्फ लैजानुपर्ने छ ।' न्यायिक सेवा प्रवाहमा नागरिकलाई सहजीकरण गर्ने र उनीहरूका गुनासा सुन्ने तथा सम्बोधन गर्ने अदालतको योजना रहेको उनले सुनाए । कार्यक्रममा मेरिना श्रेष्ठ, निर्मला शाक्य जिल्ला अदालत न्यायाधीश ऋषिराम निरौला, उच्च अदालतका सूचना अधिकारी केशवराज कौशिकलगायत कार्यक्रममा सहभागी भएका थिए । कार्यक्रमका सहभागीले अदालतको सेवा प्रवाह, न्यायिक प्रक्रिया र अदालतप्रति समुदायको बुझाइका बारेमा जिज्ञासा राखेका थिए । विभिन्न खालका हिंसा, बलात्कार, अंश, बहुविवाह, घरेलु हिंसा, पारिवारिक बेमेल लगायतको न्यायिक प्रक्रियाका विषयमा उनीहरूको जिज्ञासा थियो । ढिलासुस्तीले मुद्दाको फैसला प्रक्रिया लम्बिने र मुद्दा खर्चिलो हुने गरेका कारण अदालतबाट सोचेअनुरूप न्याय पाउन कठिन हुने गरेको गुनासो कार्यक्रमका सहभागीहरूको थियो । कार्यक्रममा थाहा नगरपालिकाका वडा अध्यक्षहरू, न्यायिक समितिका सदस्यहरू, कार्यपालिका सदस्यहरू तथा वडा सचिवहरूको सहभागिता रहेको थियो ।

# रासायनिक मल ल्याउन सांसद बर्तौला खटिएको खटियै

◆ विकास संवाददाता

निर्वाचनमा विजयी भएको औपचारि घोषणासँगै मुख्य निर्वाचन अधिकृतबाट प्रमाणपत्र बुझेरर गत मंसिर १२ गते किसानको लागि रासायनिक मलको ब्यवस्थापनको लागि हेटौंडाको साल्ट ट्रेडिङ कर्पोरेशन र कृषि सामग्री कम्पनी पुगेका नवनिर्वाचित सांसद महेश बर्तौलाले त्यसयता मकवानपुरमा मलको कोटा बढाउन र छिटोभन्दा छिटो रासायनिक मलको ब्यवस्थापनको लागि आफ्नो सक्रियतालाई थप बढाएका छन् । सांसद विजयी भएको एक महिना नपुग्दै बर्तौलाले बागमती प्रदेशको कृषि मन्त्रालय तथा संघिय सरकारको कृषि मन्त्रालय पुगेर मकवानपुरमा मलको कोटा बृद्धि तथा छिटोभन्दा छिटो मल वितरणको लागि आवश्वक पहल गर्न मन्त्रालयलाई ध्यानाकर्षण गराएका छन् ।

निर्वाचनमा विजयी गराउने मतदातालाई धन्यवाद दिन गत मंसिर १७ गते उत्तरी मकवानपुरको थाहा नगरपालिका पुगेका बर्तौलाले खेतमानै मतदातासँग भेट गरे । भेटको क्रममा अधिकांश मतदाताले मलको समस्याबारे अवगत गराएपछि उनि मंसिर २३ गते हेटौंडामा रहेको बागमती प्रदेशको कृषि मन्त्रालय पुगे । उनले मन्त्रालयमा पुगेर सचिव डाक्टर रामशरण पाण्डेलाई भेट गरि मकवानपुरको लागि आवश्यक मल चाँडोभन्दा चाँडो ल्याउने विषयमा मन्त्रालयलाई तयारी गर्न अनुरोध गरे । मकवानपुर जिल्लाको उत्तरी क्षेत्र देशकै चर्चित तथा उत्पादनको हिसावमा पनि महत्वपूर्ण मानिएको 'भेजिटेबल जोन' भएको भन्दै रासायनिक मलको अभावमा किसानहरूले तरकारी उत्पादनको तयारी समेत गर्न नपाउनु दुखद विषय भन्दै मन्त्रालयलाई यो विषयमा अत्यान्तै गम्भिर भएर काम थाल्नको लागि सुझाव पनि दिए ।

मलको विषय प्रदेशले समन्वय गर्ने र मुख्यगरि केन्द्रीय सरकारले हेर्ने भएपछि बर्तौलाले मंसिर २६ गते संघिय कृषि मन्त्रालय पुगेर मल अभावको कारण मकवानपुरे किसान पीडित भएको जानकारी सहित चाँडोभन्दा चाँडो मल आयत तथा वितरणको लागि अनुरोध गरे ।मन्त्रालयका सचिव डाक्टर गोविन्दप्रसाद शर्मासँग भेट गरी मकवानपुर तरकारी खेतिमा देशकै अग्रणी जिल्ला भएको कारण मकवानपुरमा रासायनिक मलको कोटा बृद्धि गर्नको लागि मन्त्रालयले पहल गर्नुपर्ने र कोटा बृद्धि हुनुपर्ने धारणा ब्यक्त गरे ।

अफसिजनमा मकवानपुरमा उत्पादन भएको तरकारीले देशको राजधानी सहित धेरै जिल्लाको तरकारी बजार धान्ने गरेको भन्दै मकवानपुरलाई कल वितरणको सन्र्दभमा महत्वको साथमा हेर्नुपर्ने बर्तौलाको भनाई थियो । आफु सांसदमा निर्वाचित भएपछि किसानको समस्यालाई प्राथमिकतामा राखेर काम सुरू गरेको भन्दै बर्तौलाले किसानको समस्या समाधान भए अन्य कामहरू गर्न सहज हुने बताए । किसानहरू खुसी भए उत्पादन बढने, उत्पादन बढेपछि आथिर्क अवस्थामा सुधार आउने र युवाहरू देशमानै स्वोरोजगार हुने हुँदा किसानको समस्या समाधान महत्वपूर्ण विषय रहेको बर्तौलाको भनाई रहेको छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN•FLEX PRINT•PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# अन्तराष्ट्रिय श्रमिक दिवसमा थाहानगरमा दीप प्रज्वलन



◆ विकास संवाददाता

वैदेशिक रोजगारको क्रममा मृत्यु, अंगभंग र सम्पर्कबिहिन भएका कामदार हरूको सम्झनामा मकवानपुर थाहा नगरपालिका शिखरकोटको कृष्ण मन्दिर चोकमा दीप प्रज्वलन गरी मनाइएको छ ।अन्तराष्ट्रिय श्रमिक दिवसको अवसर मा ३ पुसमा कार्यक्रम भएको हो ।

*'वैदेशिक रोजगारीबाट प्राप्त सीप, पुँजी र ज्ञानः उद्यमशीलता, रोजगारी र राष्ट्रिय स्वाभिमान'* भन्ने मुल नाराकासाथ सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत हेटौंडा उपमहानगरपालिका, मनहरी गाउँपालिका र बकैया गाउँपालिकाको सहकार्य तथा थाहा नगरपालिकाको आयोजनामा दिपप्रज्वलन गरिएको हो ।

थाहा नगरपालिका वडा नम्बर ४ का वडा अध्यक्ष नारायण लामाको प्रमुख आतिथ्यमा दीप प्रज्वलन कार्यक्रम भएको हो । कार्यक्रममा थाहा नगरपालिका रोजगार संयोजक कुमार नेगी, रोजगार सहायक बिरजकुमार भुजेल, पत्रकार शम्भु अधिकारी, ४ नम्बर वडा सदस्य सुन्दर राज केसीलगायत सामीका मेलिना खत्री, सुनिता बस्नेत लगायत स्थानीयहरूको उपस्थिती रहेको थियो ।

# थाहानगरको विज्ञान प्रदर्शनीमा हिमालयन बोर्डिङ प्रथम

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका क्षेत्रका विभिन्न ९ विद्यालयलाई उछिन्दै हिमालयन बोर्डिङ स्कूल विज्ञान प्रदर्शनीमा पहिलो भएको छ । झम्केश्वरी माविको व्यवस्थापनमा भएको एकदिने प्रदर्शनीमा थाहा नगरपालिका वडा नम्बर ४ को हिमालयन पहिलो भएको हो ।

थाहा नगरपालिका शिक्षा शाखाको आयोजना ३ पौषमा माविस्तरीय विज्ञान प्रदर्शनी भएको थियो । प्रतियोगितामा पालुङ भ्याली हार्ट एकेडेमी दोश्रो, बज्रवाराही मावि तेश्रो तथा सुन्दरीदेवी माविले सान्त्वना पुरस्कार पाएको छ । प्रदर्शनीको पुरस्कार बितरण कार्यक्रम थाहा नगरपालिकाका प्रमुख विष्णु बिष्टको प्रमुख आतिथ्य तथा व्यवस्थापन विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष प्रदिप प्रधानको अध्यक्षतामा भएको थियो ।



कार्यक्रममा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीको विशिष्ट आतिथ्यता रहेको थियो भने नगर शिक्षा समिति सदस्य हरीकृष्ण कार्की, पालुङ भ्याली हार्टका संस्थापक सुरेन्द्रमान प्रधान, थाहा नगरपालिका सुचना शाखा प्रमुख सुरज कुमार भुजेल, सूचना प्रविधि अधिकृत भगिरथ कार्कीलगायतकाको आतिथ्यता रहेको थियो । सो अवसरमा सहभागी तथा अतिथीहरूलाई झम्केश्वरी माविका प्रधानाध्यापक उद्धवप्रसाद आचार्यले स्वागत गरेका थिए ।

कार्यक्रममा थाहा नगरपालिकाका प्रमुख बिष्णु बिष्टले विद्यार्थी माझ रहेको प्रतिभालाई व्यवहारिक रूपमा सिकाइ, सिकाइ उपलब्धि हासिल गर्न यस्ताखाले प्रतियोगिता र प्रदर्शनीको आवश्यकता र हेको औल्याउँदै किताबी ज्ञानमा मात्र विद्यार्थीहरूलाइ सिमित नराख्न विद्यालय र अभिभावकलाई आग्रह गरे । नगरस्तरीय प्रदर्शनीमा प्रथम भएको विद्यालय हिमालयन बोर्डिङ ४ पौषमा थाहानगरको प्रतिनिधित्व गर्दै हेटौंडामा हुने जिल्लास्तरीय बिज्ञान प्रदर्शनीमा भाग लिने पाउने भएको छ ।

# 'थाहानगरको आर्थिक सम्वृद्धिमा सहकारीको योगदान छ'-नगर प्रमुख विष्ट

◆ विकास संवाददाता

थाहा नगरपालिकाको आर्थिक समृद्धिका लागि सहकारीको योगदान महत्वपूर्ण रहेको थाहा नगरपालिकाका नगर प्रमुख विष्णु बहादुर विष्टले बताएका छन् । विष्टले नगर भित्र रहेका साना सहकारीको एकीकरण आवश्यक रहेको औल्याए । थाहा नगरपालिका वडा नम्बर ४ मा मुख्य कार्यालय रहेको पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको २३ औं वार्षिक साधारणसभाको उद्घाटन गर्दे नगर प्रमुख विष्टले यस्तो बताएका हुन् । पालुङ बहुउद्देश्यीय सहकारी संस्था जिल्लामै सबैभन्दा धेरै सदस्य संख्या रहेको सहकारी पनि हो ।

प्रमुख विष्टले आर्थिक मन्दिको चपेटामा सरकारको तीन खम्बे अर्थनितिको एक खम्बा सहकारी पनि चपेटामा परेकोले आर्थिक मन्दीसंग जुध्न सहकारीहरूको एकीकरण आवश्यक रहेको बताए । त्यसका लागि लागि नगर भित्र रहेका ठुलो सहकारी संस्थाहरूले पहल गर्नुपर्नेमा जोड दिदै आवश्यकताको आधारमा थाहा नगरपालिकाले सहयोग गर्न तत्पर र हेको बताए । नगर प्रमुख विष्टले एकअर्को प्रसंग उल्लेख गर्दै आलोचनाको नाममा आलोचना मात्र गरिरहनेसंग कुनै गुनासो नरहेको बताउदै थाहानगरमा रासायनिक मलको समस्या समाधानको लागि नवनिर्वाचित प्रदेश तथा संघको सांसदहरूलाई केन्द्रमा पहल गरिदिन आग्रह गर्दै मलमा सहकारी र स्थानीय सरकारको समस्या नभई संघीय सरकारको नीतिले समस्या पारेको प्रष्ट पार्दै प्रदेश तहमा थाहा नगरभित्र र ासायनिक मलको कोटा बढाउने आश्वासन पाएको बताए । पालुङ बहुउद्देश्यीय सहकारीले द्वन्दकालमा समेत यहाँका जनतालाई बैंकको सुबिधा दिएको स्मरण गर्दै देशमा अनेक व्यवस्था परिवर्तन हुँदा पनि अवस्था परिवर्तन हुन नसकेकोले सहकारीहरूले बचत तथा ऋणको कारोबारबाट मुक्त भइ अन्य आर्थिक उपार्जनका क्रियाकलाप स्वरोजगार मुलक तथा सिपमुलक आर्थिक कारोबारमा जोड दिनुपर्ने बताए ।

कार्यक्रमका विशिष्ट अतिथी अतिथी थाहानगरका उपप्रमुख भरत गोपालीले पालुङ बहुउद्देश्यीय सहकारी संस्थाले गरेको सफलताको प्रशंसा गरे । उपप्रमुख गोपालीले आगामी दिनमा सञ्चालक, शेयर सदस्य र कर्मचारी तीनै पाटालाई समेटेर अझ उत्कृष्ट सफलता हासिलका लागि शुभकामना व्यक्त गरे । संस्थाका अध्यक्ष पुरूषोत्तम कार्कीको सभाध्यक्षतामा सम्पन्न साधारणसभाको उद्घाटन कार्यक्रममा संस्थापक अध्यक्ष बिष्णुहरी ढकाल 'जंगली', नेपाल कृषि सहकारी संघ लेखा समिती संयोजक तथा साना किसान सहकारी बज्रवाराहीका अध्यक्ष महेश्वर सुवेदी, बागमती प्रदेश सहकारी संघका सदस्य, मकवानपुर जिल्ला सहकारी संघका कोषाध्यक्ष तथा संस्थाका निवर्तमान अध्यक्ष बिमल कुमार ढकाल, पुर्व लेखासमिती संयोजक उमेश ढकाल, नेकपा एमाले जिल्ला सचिवालय सदस्य तथा संस्थाका हेटौंडा सेवा केन्द्रका उपसमिती संयोजक बिष्णु प्रसाद ढकाल, जिल्ला बचत तथा ऋण सहकारी संघका सचिब विरेन्द्र ढुंगानालगायतकाको आतिथ्यता रहेको थियो ।

साधारणसभाको अवसरमा सहकारीमा उत्कृष्ट कारोवार गर्नेहरूलाई सम्मान गरिएको थियो । उत्कृष्ट बचत तर्फ केदार प्रसाद बिडारी, दिपक प्रसाद सुवेदी, अविनाश तामाङ, विद्या स्याङ्तानले सम्मान प्राप्त गर्दा असल ऋणी सदस्यहरू गणेश कुमारी कार्की, विमला गिरी, ठुलोकान्छा वाइवा, तुलसी विष्ट, धर्मेन्द्र गोपालीले सम्मान प्राप्त गरे ।

त्यसैगरी मालागिरी आयाआर्जन समूह, चण्डेश्वरी महिला समूह तथा कालाभैरव महिला समूह उत्कृष्ट समूह घोषित भए । संस्थाले प्रत्येक वर्ष प्रदान गर्ने उत्कृष्ट विद्यार्थीहरूमा संस्थागत तर्फ सरस्वती विद्या मन्दिर बज्रवाराहिका वसन्त भट्ट र हिमालयनकी सिम्रन कार्की उत्कृष्ट भए भने सामुदायिक विद्यालयको तर्फबाट सुनौला माबिकि कृतिका लामिछाने तथा जनकल्याणका मनोज कार्की उत्कृष्ट भए उनिहरूलाइ प्रमुख अतिथीले सम्मानपत्र तथा नगद प्रदान गरेका थिए ।

त्यसैगरी वृद्ध सम्मानमा थाहा २ का गंगादत्त ढकाल तथा थाहा ६ कि माइली दमाई सम्मानित भए । साधारणसभाकै अवसरमा संस्थाका लेखा समिती संयोजक अच्युतम प्रसाद ढकालले जनकल्याण माविमा कक्षा ११ मा अध्यनरत २ जना गरिव तथा जेहेन्दार विद्यार्थीलाई जनही १० हजार ५ सय नगद छात्रवृत्ति प्रदान गरेका थिए। कार्यक्रमलाई संस्थाका सचिव अरूण रायमाझीले संचालन गरेका थिए ।

**यसैबीच** पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले ४ करोड ७ लाख खुद नाफा गरेको छ । २ पौषमा आयोजित संस्थाको २३ औं बार्षिक साधारणसभामा कोषाध्यक्षले पेश गरेको प्रतिवेदनमा आर्थिक वर्ष २०७८/२०७९ मा खुद नाफा पेश भएको हो । आर्थिक वर्ष २०७८/२०७९ को असार मसान्तसम्म ७ करोड १३ लाख शेयर पुजी रहेको सस्थामा शेयर थप गरेपछि ९ करोड ९२ लाख ८० हजार रूपैया शेयर पुँजी पुगेको छ भने निक्षेप संकलन ५८ करोड तथा सदस्यहरूमा ऋण लगानी ९५ करोड पुगेको प्रतिवेदनमा उल्लेख छ ।

सस्थाको विभिन्न कोषमा १५ करोड ७० लाख रूपैया रहेको छ भने स्थापना कालदेखिनै शेयर सदस्यहरूलाई १५ प्रतिशत नघटाई लाभांश दिदै आयको सस्थाले यस वर्ष पनि सहकारी संस्थाहरूले वितरण गर्न सक्ने अधिकतम प्रतिशत अर्थात १८ प्रतिशत लाभांश यस आर्थिक वर्षमा पनि दिन सक्षम भएको प्रतिवेदनमा उल्लेख छ। संस्थामा ऋण तथा बचतको कारोवार गर्ने शेयर सदस्यलाई वितरण गर्नुपर्ने शिर्षकको संरक्षित पुँजी कोषमा समेत यस आर्थिक वर्षमा संस्थाको ७६ लाख ६० हजार रहेको प्रतिवेदनमा उल्लेख छ । थाहा नगरपालिका वडा नं. ४ थानाबजारमा मुख्य कार्यालय रहेको संस्थाको थाहा ६ बज्रवाराही तथा हेटौंडामा सेवा केन्द्रको रूपमा सम्पर्क कार्यालय रहेको छ ।


समयमै व्यक्तिगत घटना दर्ता गरौं ।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा


जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०६१५३३००

# मकवानपुरका किसान तोरी खेतीतर्फ आकर्षित



◆ विकास संवाददाता

मकवानपुरको धेरै स्थानीय तहका किसानहरू नगदे बाली तोरी खेतीप्रति आकर्षित भएका छन् । अहिले हेटौंडा उपमहानगरपालिका, मकवानपुरगढी गाउँपालिका, मनहरी गाउँपालिका, बकैया गाउँपालिका, बागमती गाउँपालिका लगायतका क्षेत्रका खेतमा तोरी फुलेको देख्न सकिन्छ । पहिले गहुँ र आलु धेरै लगाउने किसानले अहिले भने तोरी खेती गर्न थालेको मकवानपुरगढी गाउँपालिका किसान कृष्ण घिमिरे बताउँछन् ।

अन्न बालीबाट खासै आम्दानी नभएपछि परीक्षणको रूपमा गरिएको तोरी खेतीको उत्पादन राम्रै भएपछि यसप्रति किसान आकर्षित भएका हुन् । पहिले यो सिजनमा धेरै किसानले गहुँ लगाउँदै आएका थिए । अहिले भने तोरी खेती गर्न थालेका हुन् । तोरी र ाम्रोसंग फुलेकोले पनि धेरै युवा, युवतीहरू फेसबुक, टुइटर, इन्टाग्राम र टिकटकमा समेत फोटो र भिडियोहरू पोष्ट गर्ने गरिएको छ । बिगत तीन वर्षदेखि मकवानपुरका धेरै किसानले यो सिजनमा तोरी लगाउँदै आएका छन् । तोरी पेलेर आएको तेलले घरमा भुटुन खान र केही आफन्तलाई कोसेली दिन पुगेको किसानहरू वताउँछन् ।

किसानहरूले आफुले उत्पादन गरेको तोरीले मिलमा गएर तेल पेल्ने र केही बाँकी रहेको तेल भने बजारमा बिक्री गर्ने गरेको किसानहरू बताउँछन् । गाउँघरमा पुराना तेल पेल्ने प्रविधि हराएकाले हेटौंडा बजार सम्म आएर तोरी पेलेर ल्याउनुपर्ने बाध्यता भने किसानहरूलाई छ । अरू खेतीभन्दा सजिलो भएकाले तोरी खेती गर्ने सोच पलाएको छ ।स्वास्थ्यका लागि भटमासको तेल खानुभन्दा तोरीको तेल खान विज्ञहरूले सुझाइरहेका पनि छन् । हेटौंडा( १६ का किसान स्याम तिमल्सीना भन्छन् अहिले तोरी खेती गर्नेहरूको निकै लहर नै चलेको छ । तोरी खेतीबाट शुद्ध तेल पाउनु मात्रै होइन, पिनाबाट प्राङगारिक तथा जैविक विषादी बन्ने रहेछ । यो खेती बहुउयोगी सावित हुन लागेको छ । वडामा नगदेबाली तोरी खेतीको प्रचुर सम्भावना देखिएको छ । तोरी खेतीलाई थप प्रोत्साहित गर्नका लागि हेटौंडा उपमहानगरपालिका सहित अरू स्थानीय तहले यसका किसानलाई खासै सहयोग गरेका छैनन् । यसमा सहयोगको कार्यक्रम ल्याउनुपर्ने किसानको माग छ ।

# हेटौंडा उपमहानगरको सातौं सेवा केन्द्र कमानेमा

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाले नगरका किसानलाई लक्षित गर्दै सञ्चालन गरेको कृषि तथा पशुको सातौं सेवा केन्द्र कमानेमा सञ्चालन गरेको छ ।

हेटौंडाको ८ र १५ नम्बर वडा क्षेत्रमा रहेका कृषि तथा पशुपालनको क्षेत्रमा काम गरीरहेकाहरूलाई लक्षित गर्दै उपमहानगरपालिकाले सातौं सेवा केन्द्र फायरलाईनमा सञ्चालन गरेको हो । सेवा केन्द्रको उपमहानगरपालिकाका नगर प्रमुख मिनाकुमारी लामाले उद्घाटन गरेकी छन् ।

सेवा केन्द्रबाट दुबै वडामा रहने किसानहरूले निःशुल्क सेवा पाउँने भएका छन् । कृषि तथा पशुमा लाग्ने रोगको जाँच र औषधि निःशुल्क व्यवस्थापन गर्ने गरी नगरका बिभिन्न ठाउँमा सेवाकेन्द्र सञ्चालन गरीएको नगरप्रमुख लामाले बताइन् । अब गाउँमै सेवा आएको छ व्यवसायीक ढंगबाट काम गर्नु उपमहानगर सहयोग गर्न तयार रहेको उनले बताइन् । सेवा केन्द्रमा कृषि र पुशका प्राविधिक कार्यालय समयमा उपलब्ध हुने गरी सेवा केन्द्र सञ्चालन ल्याइएको उपमहानगरले जनाएको छ । सेवा केन्द्रवाट पशुमा लागेका रोगको परिक्षण सहित निःशुल्क औषधी बितरण हुने छ भने कृषिको समस्याका समाधानमा सहजिकरण प्राबिधकले गर्ने बताइएको छ । सेवा केन्द्रमा रहेका प्राबिधीकहरूले कार्यालय समयमा घर घरै पुगेर पनि सेवा दिने वाताबरण बनाउँने उपमहानगरका प्रमुख लामाले जानकारी दिइन् ।

## थाहा नगरपालिकाको सार्वजनिक सूचना।

- नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
- घटना घटेको ३५ दिन भित्रमा निःशुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
- समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## लिङ्ग छनौट गरी गर्भपतन गर्नु अपराध हो।

- लिङ्ग पहिचानको आधारमा छोरा र छोरीमा विभेद गरी सन्तान जन्माउने कार्य नगरौं, नगराऔं ।
- प्रविधिको प्रयोग गरी लिङ्ग पहिचान गर्ने र गर्भपतन गराउने कार्य अपराध हो । त्यस्ता कार्य गर्नु वा गराउनु हुँदैन ।
- चिकित्सकले समेत त्यस्ता कार्यलाई निरुत्साहित गरी चिकित्सा पेशालाई मर्यादित बनाऔं ।
- विभेदरहित समाजको निर्माण गरौं ।
- लैङ्गिक समानता बोलेर वा लेखेर मात्र पास हुँदैन ।
- परिणाम प्राप्तिका लागि प्रत्येक व्यक्तिले व्यवहारिक सुरुवात आफैबाट गर्नुपर्दछ ।
- परिवर्तनको प्रारम्भ आफ्नै घरबाट गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी